नि.प्र.का. सप्तरी द.नं. ९२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ | अंक ३३ | २०८० साल भदौ ९ गते शनिबार (26 Aug. 2023 Saturday) | मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : होटलमा अर्बौं लगानी तर. ३ पृष्ठमा : द्वन्द्वको शान्तिमा रुपान्तरणका ... ३ पृष्ठमा पूर्वराष्ट्रपति ट्रम्पद्वारा आत्मसमर्पण,.

## विष्णुपुरका अध्यक्ष अख्तियारको नियन्त्रणमा

**"अध्यक्ष यादवको कार्यकक्ष प्रवेशद्वार मै ठूलठूला अक्षरमा भ्रष्टाचार बिरोधी नाराहरु लेखिएको छ। "म भ्रष्टाचार गर्दिन र भ्रष्टाचार गर्न पनि दिन्न्।" तर, उनै अध्यक्ष यादव अहिले भ्रष्टाचारको प्रकरणमा मुछिएका छन्।"**




**दैनिक समाचारदाता**
**राजविराज, ८ भदौ ।**

सप्तरीको विष्णुपुर गाउँपालिका अध्यक्ष उमेश प्रसाद यादवलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नियन्त्रणमा लिएको छ। उनलाई तीन दिन अघि आयोगले अनुसन्धानका लागि नियन्त्रणमा लिएको जनाइएको छ।

अध्यक्ष यादवलाई घुस सम्बन्धि विषयमा आयोगले सोधपुछ र अनुसन्धानका लागि बुधबार नियन्त्रणमा लिएको आयोगका प्रवक्ता भोला दाहालले जानकारी दिएका छन्।

आयोगले नियन्त्रणमा लिएपछि अचानक बिरामी परेका उनलाई आयोगको सुरक्षा निगरानीमा काठमाडौंस्थित एक अस्पतालमा उपचारका लागि भर्ना गरिएको तथा निको भएपछि थप बयान र अनुसन्धानको काम अघि बढ्ने प्रवक्ता दाहालले जानकारी दिए।

गत साउन ३१ गते पालिकाद्वारा जडान गराइएको सोलार बत्ति सम्बन्धी कार्यमा ठेकेदारलाई अन्तिम भुक्तानी दिने क्रममा २ लाख नगद र ३ लाख रुँपैयाको चेक लिँदै गर्दा विष्णुपुर गाउँपालिकाका लेखापाल टेकनारायण यादव र कम्प्युटर अपरेटर बिरेन्द्र यादवलाई आयोगको क्षेत्रिय कार्यालय इटहरीबाट खटेको टोलीले राजविराजको गजेन्द्र चौकस्थित एक यात्रुबाहक बसको टिकट बुकिङ काउन्टरबाट पक्राउ गरेको थियो। सोही प्रकरणमा अध्यक्ष यादवको नाउँ पनि मुछिएकाले अनुसन्धानका लागि झिकाइएको आयोग श्रोतको भनाई छ।

अनुन्धानका क्रममा उक्त घुस प्रकरणमा अध्यक्ष यादवको पनि संलग्नता पुष्टि भए कारवाहीमा पर्नेछन्। यद्पी अनुसन्धान जारि नै रहेकाले यस बारे थप कुरा भन्न नमिल्ने आयोगका प्रवक्ता दाहालले जनाए।

अध्यक्ष यादवको कार्यकक्ष प्रवेशद्वार मै ठूलठूला अक्षरमा भ्रष्टाचार बिरोधी नाराहरु लेखिएको छ। जस मध्ये एउटा नारा छ, "म भ्रष्टाचार गर्दिन र भ्रष्टाचार गर्न पनि दिन्न्।" तर, उनै अध्यक्ष यादव अहिले भ्रष्टाचारको प्रकरणमा मुछिएका छन्।

यसअघि राजविराज नगरपालिकाका प्रमुख भिमराज यादव र शम्भुनाथ नगरपालिका प्रमुख जितेन्द्र प्रसाद गुप्ता भ्रष्टाचारको आरोपमा निलम्बित भइसकेका छन्। दुबै जना विरुद्ध अख्तियारले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा १ को कसुरमा कैद र जरिवानासहित विशेष अदालतमा आरोप पत्र दायर गरेपछि उनीहरु निलम्बित भएका हुन्।

राजविराज नगरपालिकाका प्रमुख यादवको हकमा भने केही दिन अघि मात्र विशेष अदालतले २ लाख ६४ हजार ४ सय ४ जरिवाना तोकिसकेका छन्। शम्भुनाथ नगरपालिकाका मेयर गुप्ताको मुद्दा भने सुनवाईकै क्रममा रहेको छ।

## भारी वर्षापछि बलानमा कटान, ब्यारेजको ३३ वटा ढोका खुल्यो



**दैनिक समाचारदाता**
**राजविराज, ८ भदौ ।**

भारी वर्षाका कारण सप्तरीको विभिन्न पालिका डुवान र कटानको चपेटामा परेका छन्। बिहीबार मध्य रातीदेखी भएको वर्षा शुक्रबार पनि जारि रहँदा बलान नदीमा आएको बाढीले बलान बिहुल गाउँपालिका ४ बेल्ही स्थित दुई ठाउँको बाँध कटान र ग्राभेल सडक क्षतिग्रस्त बनाएको छ।

बाँध कटान गर्दा बाढीको पानी बस्तिमा पसेर सयौं परिवार प्रभावित बनेको गाउँपालिकाका अध्यक्ष खेमचन्द यादवले जानकारी दिए। उनका अनुसार निरन्तरको वर्षाले बलान नदीको बाढी बस्तिमा पस्दा वडा नं. ४ का साथै वडा नं. १ र २ का समेत गरि झण्डै ३ सय परिवारच उच्च जोखिममा परेका छन्। बलान नदीमा आएको बाढीले वडा नं. २ दिघियास्थित बाँधमा निरन्तर क्षति पुऱ्याइरहेकाले कुनै बेला पनि उक्त बाँध पनि भत्किने सम्भावना रहेको अध्यक्ष यादवले बताएका छन्।

बाँध कटान गरेको खबर आए लगत्तै सो क्षेत्रमा ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी नरेशकुमार सिंहले जानकारी दिए।

यता अबिरल वर्षाले सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाको विभिन्न वडामा बाढीको पानी पसेको विपद् व्यवस्थापन अधिकृत राजेश झाले बताए। खाडो खोला र जिता नदीको बाढीका कारण वडा नं. १, २, ४ र ५ स्थित बस्तीमा २ फिटसम्म पानी पसेको उनको भनाई छ।

निरन्तरको वर्षाले सदरमुकाम राजविराजको पनि विभिन्न वडामा २ फिटसम्म पानी जमेको छ। ढल निकासको उचित प्रबन्ध र नियमित नाला सरसफाई नगर्दा वर्षातको पानी नगरको विभिन्न वडामा जम्मा भएको र सर्वसाधारणलाई आवागमनमा कठिनाई भएको छ।

यता सप्तकोशी नदीमा पानीको बहाव उच्च भएपछि सप्तरी र सुनसरीको सीमामा पर्ने कोशी ब्यारेजको ३३ वटा ढोका खोलिएको छ। शुक्रबार बिहान सप्तकोशी नदीमा पानीको बहाव २ लाख ४७ हजार ७ सय ९० क्विसेक पुगेपछि सम्भावित जोखिमलाई ध्यानमा राखी ३३ वटा ढोका खोलिएको कोशी ब्यारेज कन्ट्रोल रुमले जनाएको छ।

## धरानमा २४ घण्टे निषेधाज्ञा जारी

**"पछिल्लो समय जातीय र धार्मिक तनाव बढिरहेका बेला सम्भावित हिंसा रोक्न निषेधाज्ञा जारि गरेको हो"**

**दैनिक समाचारदाता**
**सुनसरी, ८ भदौ ।**

स्थानीय प्रशासनले धरानमा २४ घण्टे निषेधाज्ञा जारी गरेको छ। धरानमा पछिल्लो समय जातीय र धार्मिक तनाव बढिरहेका बेला सम्भावित हिंसा रोक्न सो निषेधाज्ञा जारि गरेको हो।

सुनसरीकी प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेले जारि गरेकी सूचनामा बिहीबार मध्यराति १२ बजेदेखि शुक्रबार राति १२ बजेसम्म निषेधाज्ञा लागु हुने जनाएकी छिन्।

प्रशासनले धरान उपमहानगरपालिका प्रवेश गर्ने पश्चिम बाटो बराहक्षेत्र नगरपालिका-१ मा पर्ने झण्डा चौकदेखि धरानतर्फको क्षेत्र, धरान प्रवेश गर्ने पश्चिम-दक्षिण रामधुनी नगरपालिका-६ बाट बराहक्षेत्र नगरपालिका ३ नडाहा चोकबाट धरानतर्फको क्षेत्रमा निषेधाज्ञा जारी गरेको हो।

त्यसैगरी इटहरी उपमहानगरपालिका वडा नं. २० तरहरा पानीपियादेखि उत्तर धरानतर्फको क्षेत्रमा पनि प्रशासनले निषेधाज्ञा जारी गरेको छ।

त्यसैगरी धरान उपमहानगरपालिका-५ प्रवेश गर्ने पूर्वी केराबारीबाट धरानतर्फको क्षेत्र र धनकुटा जिल्ला साँगुरीगढी-६ भेडेटारबाट धरानतर्फको क्षेत्रमा निषेधाज्ञा जारी गरिएको हो।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ९३० बमोजिम मिति बिहीबार राति १२ बजेदेखि शुक्रबार राति १२ बजेसम्म अत्यावश्यक काममा सुरक्षा निकायसँग समन्वय गरी बाहेक सामूहिक रुपमा गरिने सामाजिक, धार्मिक, राजनैतिक सभा, ऱ्यालीर भेला गर्न रोक लगाइएको छ।

प्रशासनले प्रदर्शनलगायत कुनै पनि कार्यक्रम नगर्नरनगराउन धरान उपमहानगरपालिका क्षेत्रभित्रका सवै सरोकारवालालाई आग्रह गरेको छ।

उक्त आदेशविपरीत भए गरेको पाइए वा अटेर गरेको पाइएमा स्थानीय प्रशासन ऐन, २०२८ अनुसार कारवाही गरिने पनि प्रजिअ पाण्डेले बताएकी छन्।

- आत्महत्या कुनैपनि समस्याको समाधान होइन,
- कुनैपनि समस्या र चुनौतीबाट नभागौं, डटेर सामना गरौं,
- सकारात्मक सोचको विकास गरौं, आशावादी बनौं,
- घर परिवार र आफूमा आश्रित सदस्यको भविष्यमाथी विचार पुऱ्याऔं,
- आत्मविश्वास बढाऔं, समस्याको उचित समाधान पहिल्याउँ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# होटलमा अर्बौं लगानी तर निराश छन् व्यवसायी

जनपुरधाम, ८ भदौ (रासस)।

हिन्दू धर्मावलम्बीहरूका लागि पवित्र तीर्थस्थलका रूपमा रहेको धनुषाको जनकपुरधाम पछिल्लो समय 'होटल हब'का रूपमा विकास हुँदैछ। धार्मिक पर्यटकहरूलाई लक्षित गरी धर्मशालाबाट होटलमा प्रवेश गरेको जनकपुरमा पछिल्लो समय ठूलो लगानीका व्यावसायिक होटल पनि खुल्न थालेका छन्।

यहाँ सानो तथा ठूलो लगानीका करिब दुई सय होटल सञ्चालनमा छन्। ती सबै होटलमा हालसम्म करिब रु १० अर्ब लगानी भइसकेको र करिब पाँच हजारलाई प्रत्यक्ष रोजागारी दिइएको व्यवसायीहरूको दाबी छ।

घरेलु तथा साना उद्योग कार्यालय धनुषाको १० बर्षको तथ्याङ्क हेर्दा पनि यहाँ होटलको सङ्ख्यामा ठूलो लगानी भइरहेको देखिन्छ। जनकपुर उद्योग वाणिज्य सङ्घ र होटल व्यवसायी सङ्घ जनकपुरको बिवरणले पनि यहाँ बर्षेनी होटलहरू थपिने क्रम जारी रहेको देखाउँछ। तर आर्थिक क्रियाकलाप र बजारको दायरा नबढेकाले व्यवसायीहरू भने उत्साहित छैनन्। जनकपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष जितेन्द्र महासेठ आर्थिक तथा धार्मिक पर्यटकीय गतिविधि बढ्ने आशैआशमा होटलमा लगानी बढिरहे पनि पछिल्लो समय धेरै व्यवसायी निराश रहेको बताउनुहुन्छ।

सङ्घका वरिष्ठ उपाध्यक्ष मनिषरमण साह भने राज्यले अत्यावश्यक पूर्वाधार निर्माण र अनुकूल वातावरण बनाइदिने हो भने जनकपुरको होटल व्यवसायले नेपालकै अर्थतन्त्रको विकासमा गुणात्मक योगदान गर्नसक्नेमा आशावादी देखिनुहुन्छ। होटल व्यवसायी सङ्घका अध्यक्ष सुरेन्द्र भण्डारी पनि जनकपुरका होटलहरूले लगानीअनुसार प्रतिफल पाउन नसकेको गुनासो गर्नुहुन्छ।

**धर्मशालाबाट उठेको व्यवसाय**

जनकपुर हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्रका रूपमा परिचित छ। मिथिलाञ्चलका चक्रवर्ती राजा जनकपुत्री सीता र रामको वैवाहिक सम्बन्धसँग जोडिएकाले पनि विश्वका करोडौं हिन्दू धर्मावलम्बीले यसलाई पवित्र तीर्थस्थलका रूपमा लिँदै आएका छन्। त्यसैकारण भारत र नेपालका बिभिन्न भूभागबाट जनकपुर दर्शनमा आउनेक्रम परापूर्वकालदेखि नै चलिरहेको छ।

होटल व्यवसायी विजय झुनझुनवाला तिनै तीर्थालुलाई लक्षित गरी जनकपुरधाममा होटल व्यवसायको विकास भएको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "जनकपुरधामको मूल चिनारी नै धार्मिक तीर्थस्थल हो। यो भूमि विश्वका अर्बौं मानिसहरूको आस्थाको केन्द्र हो। तिनै तीर्थाटनमा आउने श्रद्धालुलाई लक्षित गरी यहाँ होटल व्यवसायको विकास भएको इतिहास छ।"

उहाँका अनुसार जनकपुरमा धर्मशालाबाट होटलको विकास सुरु भएको र त्यसको श्रेय गोपाल धर्मशालालाई जान्छ। भारतबाट जानकी मन्दिर दर्शन गर्न आउने श्रद्धालु भक्तजनलाई लक्षित गरी २००९/१० सालतिर गोपाल धर्मशालाले न्यूनतम शुल्क लिएर आवास तथा खानाको व्यवस्था गरेबाट यस क्षेत्रको विकास सुरु भएको झुनझुनवालाको भनाइ छ। "जनकपुरमा धर्मशालाबाट होटलको इतिहास सुरु भएको हो। भारतको कोलकात्ताबाट आएका मारवाडी पोदार परिवारले धार्मिक पर्यटकको सुविधाका लागि खाने, बस्ने व्यवस्था गरेको र पछि अरु धर्मशालासमेत स्थापना गरिएको पाइन्छ। यो नै जनकपुरमा होटलको जग हो", उहाँले सुनाउनुभयो।

मेचीदेखि काठमाडौँसम्म सडक, पूर्वपश्चिम महेन्द्र राजमार्ग निर्माण र २०२४ सालदेखि हवाई सेवा सुरुभएपछि मात्रै यहाँ व्यावसायिक होटलको स्थापना भएको हो। जनकपुरमा २०२४ सालतिर पहिलो होटलका रूपमा 'होटल एभरेष्ट' को स्थापना भएको इतिहास छ। अहिले जनकपुरधाममा साठीभन्दा बढी ठूला होटलहरू सञ्चालनमा छन्। तीमध्ये केही होटलहरू 'तीनतारे' स्तरका छन्। यहाँ होटलहरूको कूल क्षमता करिब एक हजार मानिसलाई बसाउन सक्ने छ।

होटल सञ्चालकसमेत रहेका झुनझुनवाला अर्थतन्त्रमा सुधार, आर्थिक क्रियाकलापमा बृद्धि हुँदै गएमा आगामी पाँच बर्षमा ठूलो लगानीका धेरै होटलहरू खुल्ने बताउनुहुन्छ। होटल व्यवसायी जीवनाथ चौधरी पनि जनकपुरका होटलहरू आधारभूत रूपमा धार्मिक पर्यटक लक्षित भए पनि समयक्रममा व्यावसायिक हिसावले पनि सञ्चालन भइरहेको बताउनुहुन्छ। "हाम्रो मूल आधार धार्मिक पर्यटन नै हो तर पछिल्लो समय प्रदेश राजधानी पनि बनेपछि लगानी, सेवा र कार्यशैली नै फेर्नुपर्ने अवस्था छ", चौधरीले भन्नुभयो।

अर्का होटल व्यवसायी सन्तोष गिरी धार्मिक कार्यका लागि आउने पर्यटकहरूलाई लक्षित गरी व्यवसायको स्थापना भए पनि दिगो व्यवस्थान, लगानी र बदलिँदो सामाजिक मनोबृत्तिअनुरुप रुपान्तरणको जरुरी रहेको धारणा राख्नुहुन्छ। कुनै पनि होटल तथा व्यवसाय धार्मिक मान्छेहरूको क्रियाकलापले मात्रै चल्न नसक्ने भन्दै गिरीले अहिलेकै अवस्था रहे जनकपुरमा होटलको भविष्य चुनौतीपूर्ण रहेको बताउनुभयो।

**'उत्साहित छैनन् व्यापारी'**

जनकपुरलाई मधेश प्रदेशको राजधानी बनाइएपछि पछिल्लो समय सम्भावनाको क्षेत्र थप बिस्तार भएको छ। त्यसैगरी सडक, हवाई र रेल सेवाले जोड्ने नेपालको एकमात्र सहर भएकाले यहाँ आवागमन बढ्ने क्रममा छ तर आर्थिक गतिविधि बढ्न नसकेकामा भने व्यापारीहरू निरास छन्। "जनकपुर भ्रमणमा आउने भारतीय तथा अन्य मुलुकका पर्यटक, स्वदेशी नागरिक, सरकारी तथा गैरसरकारी संघ संस्थाका क्रियाकलाप, सभा, सम्मेलन भएमा होटलको व्यवसाय बढ्ने हो", गिरी भन्नुहुन्छ,"तर देशको अर्थतन्त्रका समग्र सूचक, जनताको खर्च गर्ने क्षमता र प्रवृत्ति नबदलिएसम्म यस क्षेत्रको भविष्य पनि आशालाग्दो हुने कुरा भएन।"

व्यवसायी झुनझुनवाला र चौधरी पनि सरकारी तवरबाट पर्यटन पूर्वाधार, पर्यटक आवागमनका लागि ठूला अभियान, मधेशको धार्मिक पर्यटनको विकास, बिस्तार र प्रचारका लागि काम नभएमा अवस्था आशाजनक नरहेकामा सहमत हुनुहुन्छ।

होटल व्यवसायी सङ्घका अध्यक्ष भण्डारी त सङ्ख्यात्मक रूपमा धेरै होटल देखिए पनि धेरैजसो व्यवसायी पलायन हुने अवस्थामा रहेको बताउनुहुन्छ। "झट्ट हेर्दा होटलहरू खुलेकै छन् तर वास्तविकता भने कारुणिक छ। केही होटलको व्यापार ठीकठीकै रहे पनि अधिकांशले लगानी उठाउन र कर्मचारी पाल्न नसक्ने अवस्था छ", भण्डारीले भन्नुभयो,"सरकारबाट सहुलियत नहुने र आर्थिक गतिविधि नबढ्ने हो भने निकट भविष्यमा धेरै होटल बन्द हुन्छन्।"

महासङ्घका अध्यक्ष महासेठले पनि अरु व्यवसायको तुलनामा होटल क्षेत्र अहिले पनि चलायमान नै भएकाले धेरै निराश हुनुपर्ने अवस्था नरहेको तर आर्थिक क्रियाकलाप नबढेमा होटलको संख्या मात्रै बढेर नहुने बताउनुभयो। "जनकपुर धार्मिक सहर र प्रदेशको राजधानी हो तर यहाँ न उद्योग, कलकारखाना छन् न त नजिकै तेस्रो मुलुकसँग जोड्ने ठूलो नाका छ। यसर्थमा सबै सरोकारवालाहरूले योजनावद्ध रूपमा केही रणनीतिक महत्वका काम नगर्ने हो भने सोचेअनुरुपको परिणाम हासिल गर्न कठिन छ", महासेठले भन्नुभयो।

महासङ्घका वरिष्ठ उपाध्यक्ष साह भने धार्मिक आस्थाको केन्द्र अयोध्यामा राम मन्दिर निर्माण भएपछि त्यसको प्रभाव जनकपुरमा पनि पर्ने र त्यसपछि केही सुधार हुने सम्भावना रहेकोमा विश्वस्त हुनुहुन्छ। तर त्यसबाट लाभ लिन सरकारले अहिलेदेखि नै रणनीतिक तयारी गर्न जरुरी रहेको उहाँको भनाइ छ। हिन्दू धर्मको कुरा गर्दा जसरी राम र सीतालाई अलग गर्न सकिँदैन, त्यसैले 'नेपालविना राम पनि अधुरा' र 'सीता माताविना अयोध्या अधुरो' भन्ने भाष्य स्थापित गर्न अहिलेदेखि नै लाग्न सके मात्र जनकपुरमा आर्थिक मन्दीको स्थितिमा सुधार हुने देख्नुहुन्छ मधेश प्रदेशसभा सदस्य रामसरोज यादव।

अहिलेको अवस्थामा जनकपुर भ्रमणमा आउने पर्यटकहरू एकदिन पनि बस्ने अवस्था नरहेकाले कम्तिमा दुई वा दुईभन्दा बढी दिन यही बस्ने अवस्था बनाउन पर्यटकीय गन्तव्य छनोट गरी पर्यटन 'टुर प्याकेज' बनाउन अपरिहार्य रहेको उहाँको भनाइ छ। "अहिले बिहान आएर बेलुका फर्किनुपर्ने बाध्यता छ। किनकी जानकी मन्दिर र जनकपुर मात्रै हेर्न त दुई घण्टा भन्दा बढी समय लाग्दैन", यादवले भन्नुभयो,"पर्यटकलाई यहाँका अरु ठाउँमा पनि घुमाएर 'इगेज' गराउने र खर्च गर्ने ठाउँ एवं क्षेत्र बिस्तार गर्नसके मात्रै हामीले लाभ लिनसक्छौं। त्यसतर्फ प्रदेश र स्थानीय सरकारले अझ बढी ध्यान दिनुपर्छ।"

प्रदेशसभा सदस्य रामअशिष यादवले मिथिलाञ्चलको मौलिक सभ्यातासँग आगन्तुकहरूलाई साक्षात्कार गराउने नयाँ रणनीति अख्तियार गर्नसकेमा होटल मात्रै होइन यहाँको समग्र क्रियाकलाप नै समस्यामा पर्ने बताउनुभयो। उहाँ भन्नुहुन्छ,"छिमेकी भारत र अरु मुलुकबाट आउने पर्यटकलाई यहाँका ऐतिहासिक सभ्यता, संस्कार, मौलिक रहनसहन, लोकजीवन, खानपिनको अध्ययन र अवलोकन गर्न मिल्ने गरी हामीले एउटा प्याकेज बनाउन सक्नुपर्छ। त्यसले उहाँहरूलाई केही दिन बस्न अभिप्रेरित गर्ला र यहाँको आर्थिक क्रियाकलापमा योगदान पुग्ला।"

आर्थिक क्रियाकलाप बढ्न नसकेका पनि सरकारको नीतिका कारण चर्को कर र ब्याज लिने तर पर्यटकको सहुलियतका लागि भन्सारमा पर्यटनमैत्री संरचना, पर्यटन सूचना केन्द्र, अध्यागमन कार्यालय, पर्यटन गन्तव्यको पहिचान, पूर्वाधार निर्माण तथा प्रचारप्रसारलगायतका काम गर्न नसकेकाले जनकपुरधाममा होटलको सङ्ख्या बढे पनि भविष्य सङ्कटग्रस्त रहेको जानकारहरू बताउँछन्।

# सुष्मा कोइराला मेमोरियल अस्पतालमा जलनका बिरामीको उपचार

काठमाडौँ ८ भदौ (रासस)।

काठमाडौँको साँखुमा सञ्चालित सुष्मा कोइराला मेमोरियल अस्पतालले पाँच शय्याको सुविधासम्पन्न आइसियुमार्फत जलनका बिरामीको उपचार गर्दै आएको छ। काठमाडौँको शङ्खरापुर नगरपालिका-६ साँखुमा विसं २०५४ मा स्थापना भएको सो अस्पतालले आगोले पोलेका र अन्य जलनका बिरामीलाई पाँच शय्याको आइसियुमार्फत सेवा प्रदान गर्दै आएको हो।

सुरुको समयमा जलनको विशेष उपचारका लागि हायर डिफिसेन्सिफ युनिट (एचडियु) मार्फत सेवा प्रदान गर्दै आएको अस्पतालले पछिल्लो समय पाँच शय्याको आइसियुमार्फत जलनको उपचार गर्दै आइरहेको अस्पतालका प्रशासन प्रमुख प्रफुल्ल शर्माले जानकारी दिनुभयो।

इन्टरप्लाष्ट जर्मनी फाउन्डेसनको सहयोगमा विगत २६ वर्षदेखि सञ्चालित उक्त अस्पतालको अगुवाइ सुष्मा कोइराला मेमोरियल ट्रष्टले गर्दै आएको छ। उक्त अस्पतालले स्थापनाकालदेखि हालसम्म पोलिएका २४ हजार बिरामीको सफल शल्यक्रिया गरिसकेको छ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार नेपालमा प्रत्येक वर्ष ५५ हजार मानिस जलनमा पर्ने र त्यसका कारण बर्सेनि दुई हजार एक सय व्यक्तिको ज्यान जाने गरेको छ। सो अस्पतालमा भने प्रत्येक वर्ष पाँच सयभन्दा बढी जलनका बिरामीको उपचार हुँदै आएको अस्पतालका मेडिकल डाइरेक्टर डा सन्तोषबिक्रम भण्डारीले जानकारी दिनुभयो।

काठमाडौँको पूर्वी उत्तरी क्षेत्रमा अवस्थित उक्त अस्पतालमा देशका ७७ वटै जिल्लाका जलनका बिरामी उपचार गर्न आउने गरेका छन्। आगोले पोलेका, एसिड आक्रमणबाट घाइते, करेन्ट लागेर घाइते भएका बिरामीलाई सो अस्पतालले विशेष उपचार गर्दै आएको छ। जलनको उपचारका लागि लामो समय अस्पतालमा बस्नुपर्ने भएकाले चार/पाँच महिना अस्पतालमा बसेर उपचार गरेर बिरामी घर फर्कने गरेका छन्। उक्त अस्पतालमा भारतबाट समेत जलनको उपचारका लागि बिरामी आउने गरेको अस्पतालका मेडिकल डाइरेक्टर डा भण्डारी बताउनुहुन्छ।

जलनको उपचारका लागि लामो समय लाग्ने र खर्चिलो हुने भएकाले बिरामी र उसका परिवारमा आर्थिक सङ्कटसमेत हुने गरेको छ। सरकारले एचआइभी एड्स र क्षयरोगका बिरामीलाई सहुलियत प्रदान गरे पनि सङ्ख्याको हिसाबले धेरै भएका जलनका बिरामीलाई भने कुनै सहयोग गरेको पाइँदैन। उक्त अस्पतालले १८ वर्ष कम उमेरका जलनका बिरामीलाई निःशुल्क उपचार गर्दै आइरहेको छ। सो अस्पतालले प्रत्येक वर्ष देशका बिभिन्न जिल्लामा स्वास्थ्य शिविरसमेत सञ्चालन गर्दै आएको प्रशासन प्रमुख शर्माले बताउनुभयो।

स्थापनाकालदेखि नै जलनको उपचार गर्दै आएको सो अस्पतालले बिगत एक बर्षदेखि सेवा बिस्तार गर्दै हाडजोर्नी, महिला तथा स्त्री, बालरोग, जनरल मेडिसिन, फिजियोथेरापी, नाक, कान घाँटी, छालारोग, जनरल सर्जरी, मानसिक रोगलगायतको उपचार गर्दै आएको छ।

हाल उक्त अस्पतालले दैनिक सयदेखि एक सय २० व्यक्तिलाई बहिरङ्ग सेवा प्रदान गर्दै आएको

*बाँकी अन्तिम पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# द्वन्द्वको शान्तिमा रुपान्तरणका अभ्यास

**सन्तोष पौडेल/रासस**
काठमाडौँ, ८ भदौ ।

समाज द्वन्द्वबाटै निर्माण भएको हुन्छ । बिनाद्वन्द्वको समाजको परिकल्पना साम्यवादमा मात्रै सम्भव हुन्छ । व्यक्तिभित्र पनि द्वन्द्व हुन्छ । परिवारमा पनि द्वन्द्व हुन्छ, समाजमा पनि द्वन्द्व हुन्छ र राष्ट्रमा पनि । राज्यभित्र पनि द्वन्द्व हुन्छ, अन्तरराज्य पनि द्वन्द्व हुन्छ । सबै द्वन्द्वका कारण हुन्छ र समाधान पनि । द्वन्द्वको रोकथाम पनि हुन्छ र व्यवस्थापन पनि हुन्छ । तर द्वन्द्व अन्त भने हुँदैन । द्वन्द्वको रुप परिवर्तन गर्न सकिन्छ । त्यसो भनेर फेरि द्वन्द्वका पक्षमा वकालत गर्न खोजिएको भने होइन । यहाँ द्वन्द्वलाई कसरी व्यवस्थापन गर्ने भन्ने कुराको चर्चा गर्न मात्रै खोजिएको हो ।

द्वन्द्व सुसुप्त र क्रियाशील हुन्छ, द्वन्द्व देखिने र अदृश्य हुन्छ, द्वन्द्व शान्तिपूर्ण र हिंसात्मक हुन्छ । जसरी द्वन्द्वको रुप फरकफरक छन्, त्यसैगरी यसको व्यवस्थापनको विधि पनि फरकफरक हुन सक्छन्, समाधानको प्रक्रिया पनि फरकफरक हुन सक्छन् । जबसम्म द्वन्द्वको व्यवस्थापन सही ढङ्गले हुँदैन, तबसम्म द्वन्द्व पुरानै रूपमा आउन सक्छ । द्वन्द्वको व्यवस्थापन हुनु भनेको द्वन्द्वलाई पूर्णरूपमा शान्तिमा फेर्नु हो । जबसम्म द्वन्द्व पूर्णरूपमा शान्तिमा फेरिँदैन तबसम्म जारी हुने प्रक्रिया शान्ति प्रक्रिया हो । शान्ति प्रक्रिया त्यतिबेला पूर्णरूपमा सम्पन्न हुन्छ जतिबेला द्वन्द्वका सबै विशेषताहरू अन्त्य हुन्छन् । सुसुप्त द्वन्द्व सतहमा नआउञ्जेल त्यो त्यतिधेरै हानिकारक र क्षतिदायक, पीडादायक हुँदैन । अदृश्य द्वन्द्व सतहमा नदेखिए पनि असरदायी हुनसक्छ भने सतहमा प्रकट भएपछिको द्वन्द्व असरदार पनि हुन्छ र समाधान गर्न सहज पनि हुन्छ । जुनसुकै प्रकारको द्वन्द्वलाई पनि शान्तिपूर्ण माध्यमबाट समाधान गर्नु उचित हुन्छ ।

हिंसाका माध्यमद्वारा समाधान गरिएको द्वन्द्व सुसुप्त अवस्थामा जाने र त्यसले फेरि हिंसाकैरूपमा प्रकट हुने खतरा रहन्छ । त्यसैले शान्तिपूर्ण वा हिंसात्मक जस्तोसुकै द्वन्द्वलाई पनि शान्तिपूर्ण वार्ताका माध्यमबाट समाधान गर्नसकेमा भविष्यमा पुनःद्वन्द्व त्यसैखालको द्वन्द्वको जन्म हुन पाउँदैन । द्वन्द्व पूर्णरूपमा शान्तिमा फेरिएको आभास त्यतिबेला मात्रै हुन्छ, जतिबेला द्वन्द्वरत पक्षहरू पूर्णरूपमा मिलापमा आउँछन् र द्वन्द्वपीडितहरूको उचित व्यवस्थापन हुन्छ ।

नेपाल यतिबेला दशक लामो सशस्त्र जनयुद्धपश्चात् शान्तिमा सङ्क्रमण गर्दैछ । शान्ति प्रक्रियाले पूर्णता पाउँदै गर्दा संविधानसभाबाट नयाँ संविधान पनि प्राप्त भएको छ । जो द्वन्द्वमा उठेको एक मुख्य राजनीतिक माग थियो । राजतन्त्रको अन्त्य, गणतन्त्रको स्थापना, संविधानसभाको स्थापना, समावेशीता, समानुपातिक प्रतिनिधित्व, सामाजिक न्यायसहितको प्रजातन्त्रलगायतका विषयहरू तत्कालीन द्वन्द्वरत पक्षले उठाएका माग र एजेण्डाहरू थिए । यसको लागि करिब १७ हजार नेपालीले ज्यान गुमाए । हजारौं घाइते अपाङ्ग भए भने हजारौंको सङ्ख्यामा अझै पनि बेपत्ताको अवस्थामा छन् । लाखौं मान्छेहरू द्वन्द्वको प्रक्रियामा यातनापीडित र प्रभावित भए ।

अहिले शान्ति प्रक्रियाले पूर्णता पाउँदै गर्दा ती ज्यान गुमाउनेका परिवार, बेपत्ता नागरिकका परिवार, घाइते, अपाङ्ग, यातनापीडित र प्रभावित सबैको व्यवस्थापन हुन जरुरी छ । उनीहरूको उचित सम्बोधन हुनु जरुरी छ त्यसो नहुँदा फेरि पनि द्वन्द्व बल्झन सक्ने खतरा हुन्छ । हामीले माथि नै चर्चा गरिसकेका छौँ, द्वन्द्वको अन्त्य हुँदैन यसको रुप परिवर्तन हुन्छ । किनभने द्वन्द्व समाजकै प्रवृत्ति हो । समाज रहेसम्म द्वन्द्व पनि रहन्छ नै । मात्रै फरक यति हो कि एकैरुपको द्वन्द्व सधैं रहिरहँदैन र रहनु पनि हुँदैन ।

द्वन्द्वको व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा विभिन्न मतहरू रहेका छन् । विश्वमा देखापरेका विभिन्न द्वन्द्वको व्यवसथापन आ-आफ्नै ढङ्गले भएका दृष्टान्तहरू पनि छन् । संयुक्त राष्ट्र सङ्घ विश्वभरका द्वन्द्व व्यवस्थापनमा भूमिका निर्वाह गरिररहेको एक साझा संस्था हो । यसको एक सदस्य राष्ट्र नेपाल पनि हो । विभिन्न कालखण्डमा विभिन्न मुलुकमा भएका द्वन्द्वहरूलाई विशेषतः शान्तिपूर्ण वार्ताको माध्यमबाट नै हल भएको छ । कतिपय अवस्थामा बल प्रयोग गरेर पनि हल गर्ने गरिएको छ ।

अमेरिकाले विभिन्न मुलुकमा भएका आन्तरिक द्वन्द्वहरूमा पनि अनावश्यक बल प्रयोग गरेको भनेर आलोचना पनि आउने गरेको छ । जस्तो अफगानिस्तान, इराक, सिरिया, क्युबा, भियतनाम लगायतका देशहरूमा । त्यसैगरी कतिपय देशहरूमा वार्ता विफल भएपछि आक्रमणको माध्यमबाट पनि द्वन्द्वको अन्त्य गरिएको छ जस्तो श्रीलङ्का । श्रीलङ्कामा प्रमुख विपक्षी नेता प्रभाकरणलगायतको टिमलाई मारेरै द्वन्द्वको अन्त्य गरियो भने इराकमा पनि सद्दाम हुसैनलाई मारेरै छाडियो । तर हिंसाको माध्यमबाट अन्त्य भएका द्वन्द्वहरूको पुनः उठान हुने सम्भावना रहन्छ ।

द्वन्द्व जसरी समाधान गरिए पनि द्वन्द्वमा पीडित भएकाहरूको व्यावहारिक रुपको व्यवस्थापन दिगो शान्ति स्थापनाको अनिवार्य शर्त हो । व्यावहारिक व्यवस्थापन भनेको पीडित परिवारको लागि राहत, रोजगारी र भरणपोषणसहित समाजमा पुनर्मिलन र पुनर्स्थापित गर्ने विषयहरू हुन् । मृत्यु भएकाहरूको सम्मान, उनीहरूलाई स्थापित गराउने र उनीहरूको परिवारलाई तत्काल राहतको साथै दीर्घकालीन रूपमा जीवनयापनको आधारहरू जस्तै निवृत्तीभरण र रोजगारी प्रदान गर्नुपर्दछ । त्यसैगरी बेपत्ता भएकाहरूको हकमा उनीहरूको खोजी, स्थितिको सार्वजनीकरण, परिवारलाई तत्कालको लागि राहत र दीर्घकालको लागि जीवनयापनको माध्यम रोजगारी र निवृत्तीभरण उपलब्ध गराउनु पर्दछ । त्यसैगरी घाइते अपाङ्गको हकमा उचित औषधोपचारको व्यवस्था गर्नुका साथै अपाङ्गको प्रकृति हेरी हेरालु र जीवनयापनको लागि भत्ता, निवृत्तीभरण र रोजगार उपलब्ध गराउनु पर्दछ । यातनापीडितको हकमा उसलाई तत्काल केही राहत रकम उपलब्ध गराइनुका साथै उसमा विद्यमान यातनाको प्रकृति अध्ययन गरी उपचार र परामर्श उपलब्ध गराउनु पर्दछ ।

पीडितहरूका बालबच्चाहरूलाई राज्यले निःशुल्क पढ्न पाउने पूर्ण व्यवस्था गर्नुपर्दछ । त्यसैगरी सबै प्रकृतिका कमजोरी र अपराधहरूको छानबिन गरी पीडक र दोषीलाई दण्डको भागिदार बनाउनुपर्दछ । घटनाको न्यायिक छानबिन गर्न अधिकार सम्पन्न न्यायिक आयोग निर्माण गरी सकेसम्म छोटो समयमै छानबिन गरी प्रक्रिया टुङ्ग्याउनु पर्दछ । गल्ती वा अपराध जसले गरे पनि दण्ड सजायको भागिदार हुन्छ भन्ने मान्यता स्थापित हुन नसक्दा द्वन्द्वको पूर्णरूपमा अन्त्य हुन सक्दैन । भए पनि अस्थायी प्रकृतिको हुने र पुनः त्यसको प्रादुर्भाव हुने खतरा रहिरहन्छ । त्यसैले द्वन्द्वको कारण पत्ता लगाई त्यसका मुख्य कारणहरूलाई निमिट्यान्न पार्न सक्नु नै द्वन्द्वको कुशल समाधान हुन सक्छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### पूर्वराष्ट्रपति ट्रम्पद्वारा आत्मसमर्पण, दुई लाख धरौटीमा रिहा

एटलान्टा, ८ भदौ (रासस/एएफपी) ।

अघिल्लो राष्ट्रपतीय निर्वाचनमा षड्यन्त्र र ठगीको आरोप लागेका अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले दक्षिणी राज्य जर्जियाको एक जेलमा फुल्टन काउन्टीस्थित जेलमा आत्मसमर्पण गर्नुभएको छ । फुल्टन काउन्टी जेलमा ३० मिनेटभन्दा कम समय बिताउनुभएका उहाँ दुई लाख डलर धरौटी बुझाएर रिहा हुनुभएको छ । जेलका अधिकारीले लागुऔषध कारोबार, तस्करी, मदिराले मातेर सवारी हाक्ने चालकलगायत अन्य फौजदारी अभियोग लागेकाहरूको औँठाछाप र टाउकोसहित अनुहारको तस्बिर लिइने कानुनी प्रक्रियाअनुरुप अमेरिकाको इतिहासमा पहिलोपटक पूर्वराष्ट्रपतिको पनि तिनै अभियुक्तको झैं फोटो लिएर भएको छ । यो लज्जास्पद क्षण अमेरिकाका लागि दुःखद भएको दक्षिणी क्यालिफोर्निया विश्वविद्यालय एनेनबर्ग स्कूल अफ कम्युनिकेसन्सका प्राध्यापक मार्टी कपलान बताउँछिन् । भविष्यमा इतिहासका पुस्तकहरूमा पूर्वराष्ट्रपति ट्रम्पको त्यो आपराधिक छवि स्थायी तस्बिर भएर रहने उनले टिप्पणी गरिन् ।

कानुन कार्यान्वयन गर्ने फुल्टन काउन्टी कार्यालयले अपराधको आरोप लागेका एक सामान्य नागरिकका रुपमा सार्वजनिक गरेको पूर्वराष्ट्रपतिको तस्बिरमा उहाँ निक्कै रिसाको देखिनुहुन्छ । हल्का खैरो पृष्ठभूमिमा खिचिएको तस्बिरमा उहाँले नीलो सुट, सेतो शर्ट र रातो टाई लगाउनुभएको छ । उहाँको काँधको ठ्याक्कै माथि शेरिफको प्रतीक चिह्न पनि देखिन्छ । सतहत्तर वर्षीय पूर्वराष्ट्रपतिले आफू दोषी नरहेको दाबी गर्नुभएको छ । यद्यपि उहाँमाथि जर्जियामा जो बाइडेनले पाएको मतपरिणाम उल्टयाउने प्रयास गरेको आरोप लगाइएको छ ।

उक्त कार्यालयले जारी गरेको तस्बिर आफ्नो सामाजिक सञ्जाल र चुनावी अभियान वेबसाइटमा पोस्ट गर्दै उहाँले आफूले केही गलत नगरेको र आफूमाथि निराधार आरोप लगाइएको उल्लेख गर्नुभएको छ । राजनीतिबाट प्रेरित भएर आफ्नो आगामी निर्वाचन बिथोल्न आफूमाथि अभियोग लगाइएको उहाँले दाबी गर्नुभएको छ ।

अर्बपति व्यापारी ट्रम्पलाई गत अप्रिलदेखि चार पटक आपराधिक रूपमा अभियोग लगाइएको छ तर उहाँ आगामी वर्ष हुने राष्ट्रपति निर्वाचनमा भाग लिने दृढ निश्चयका साथ अघि बढ्नुभएको छ । जर्जियामा उहाँमाथि जालसाजी गरेको, सरकारी अधिकारीलाई झुठा बयान दिन अभिप्रेरित गरेकोलगायत चार वटा मुद्दा दायर गरिएको छ । यसअघि उहाँमाथि वयस्क चलचित्रकी नायिका स्टोर्मी डेनियलसँगको यौन सम्बन्ध, त्यसलाई सार्वजनिक नगर्न निजलाई भुक्तान गरिएको ठूलो रकम, आफ्नो निजी निवासमा गोप्य सरकारी कागजात राखेको र सरकारलाई फिर्ता गर्न अस्वीकार गरेको तथा संसद् भवनमा समर्थक परिचालन गरेर तोडफोड र आक्रमण गराएको अभियोग लगाइएको छ । सन् २०२० को जनवरी छ तारिखमा अमेरिकी संसद् क्यापिटल हिलमा भएको आक्रमणमा सात जनाको मृत्यु हुनका साथै संसद्, महानगर र स्थानीय सुरक्षा निकायका एक सय ५० जना सुरक्षाकर्मी घाइते भएका थिए । त्यहाँ ट्रम्पले परिचालन गरेको भीडले अन्धाधुन्ध आक्रमण गरेको आरोप छ ।

### 'बहुपक्षीयताको संरक्षणमा ब्रिक्सको भूमिका महत्वपूर्ण'

बेइजिङ, ८ भदौ (रासस/एएफपी) ।

बिहीबार दक्षिण अफ्रिकामा सम्पन्न भएको ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका सदस्य रहेको १५औं ब्रिक्स शिखर सम्मेलनले ब्रिक्स संयन्त्रको गतिशीलता, यो बहुपक्षीय मञ्चको बिकासको प्रवर्द्धन, बहुपक्षीयताको संरक्षण र विश्वव्यापी शासन सुधारमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने बहुपक्षीयताका जानकारहरूले बताएका छन् ।

सङ्गठनको ऐतिहासिक विस्तारका क्रममा अर्जेन्टिना, इजिप्ट, इथियोपिया, इरान, साउदी अरब र संयुक्त अरब इमिरेट्स थपिएपछि ब्रिक्स सहयोग संयन्त्रमा जीवन्त, विश्व शान्ति र विकासका लागि सहयोगी हुने धारणा उनीहरूले व्यक्त गरेका छन् । नयाँ सदस्य देश आगामी जनवरी १ देखि पूर्ण सदस्य बन्नेछन् र तिनले सङ्गठनमा नयाँ ऊर्जा प्रवाह गर्ने उनीहरूको अपेक्षा छ । विश्व अर्थतन्त्रले गति लिन नसकेको कठिन समयको पृष्ठभूमि तथा कोभिड-१९ महामारीको गम्भीर चुनौतीलाई पन्छाउँदै पहिलोपटक भौतिकरूपमा भएको १५औं शिखर सम्मेलनले ब्रिक्स देशबीचको ऐक्यबद्धता र सहयोगलाई बढाएको छ ।

बर्तमान अन्तरराष्ट्रिय परिदृश्यलाई आकार दिन, न्यायपूर्ण, समतामूलक विश्व व्यवस्था निर्माणका निम्ति सकारात्मक भूमिका निर्वाह गर्ने सामर्थ्य भएको ब्रिक्सले विश्व जनसङ्ख्याको ४२ प्रतिशत र विश्वव्यापी कुल गार्हस्थ्य उत्पादनको एक चौथाइ भाग ओगटेको छ । साङ्घाइमा रहेको नयाँ विकास बैंक र आकस्मिक कोष प्रवाहको व्यवस्थाले ब्रिक्स संयन्त्रअन्तर्गत फलदायी एवम् व्यावहारिक सहयोगको बढाउन सहज हुनेछ । खुलापन, समावेशीता र सबै पक्षलाई लाभ हुने सहयोगको भावनालाई समर्थन गर्दै ब्रिक्स संयन्त्रले उदीयमान अर्थतन्त्र र विकासशील देशलाई प्राथमिकतामा राखेको छ । सबै विकासशील देशको प्रतिनिधित्व गर्ने सहयोगी मञ्चलाई पारस्परिक एकताको माध्यमबाट अझ सबल एवम् सहयोगी बनाउनुपर्नेमा चिनियाँ राष्ट्रपति सी चिनफिङले जोड दिनुभएको छ ।

अनिश्चितताको भुँवरीबाट बाहिर निस्कन कठिन भएको वर्तमान विश्वमा ठूला परिवर्तन र विभाजन, अशान्ति, दीर्घकालीन सङ्क्रमण एवम् भगीरथ प्रयासपछि शान्त रूपान्तरण पनि भोगेको तर त्यो संसारभर अझै लागू हुन नसकेको अवस्थामा कतिपय विकासोन्मुख देशहरू संयुक्त राष्ट्रसङ्घीय दिगो विकासका लक्ष्य हासिल गर्न अक्षम हुने अवस्थामा छन् । ती देशको उन्नयनमा सघाउनु पनि ब्रिक्सको साझा दायित्व बनेको छ । शीतयुद्धको मानसिकतामा फसेका केही देशले हालैका वर्षमा आफ्नो वर्चस्व कायम राख्न विभाजन र द्वन्द्व सृजना गरेर वैमनस्यलाई बढावा दिएका बेला ब्रिक्सको महत्ता अझ बढेको छ । अहिलेको बढ्दो जटिल अन्तरराष्ट्रिय परिवेशमा, विस्तारित ब्रिक्स समूहले साझा वृद्धिलाई प्रवर्द्धन गर्न, बहुपक्षीयताको रक्षा गर्न, अधिक न्यायपूर्ण र समतामूलक विश्वव्यापी शासनका साथै बहुध्रुवीय विश्वमा योगदान पुर्याउन ठूलो भूमिका खेल्ने अपेक्षा चीनले गरेको छ । शान्ति र विकासका साथै समग्र विश्वका जनताको साझा आकाङ्क्षामा सघाउन तथा रणनीतिक साझेदारी अभिवृद्धि गर्न सम्मेलनमा चीनले आफ्नो पूर्ण प्रतिबद्धता व्यक्त गरेको छ ।



## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

# चाँदीसहित भारतीय नागरिक पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, ८ भदौ ।**

सिरहा जिल्लाको भगवानपुर गाउँपालिका वडा नं. ४ ठाडि बसपार्कबाट प्रहरीले चाँदी जस्तो देखिने धातुसहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ।

भारतबाट नेपाल तर्फ आउँदै गरेको भारतको मधुबनी जिल्ला बरहमपुरा वडा नं. ३ बस्ने ५२ वर्षिय विश्वनाथ साहलाई प्रहरीले पक्राउ गरेको हो ।

प्रहरीका अनुसार पैदल आइरहेका साहलाई बसपार्कमा शंका लागी चेकजाचँ गर्दा नाइटो भन्दामुनी कम्मरमा बाँधेको अन्दाजी ५ किलो ग्राम चाँदी जस्तो देखिने सेतो धातु फेला परेको हो ।

बरामद भएका अन्दाजी ५ लाख मुल्य बराबरको धातु र साहलाई नियन्त्रणमा लिई ठाडी भन्सार कार्यालय सिरहामा बुझाइएको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ।

# कोशीमा डेङ्गुबाट १४ को मृत्यु, २२ हजार सङ्क्रमित

झापा, ८ भदौ (रासस) ।

डेङ्गु सङ्क्रमणबाट कोशी प्रदेशमा हालसम्म १४ जनाको मृत्यु भएको छ भने २२ हजार दुई सय ३७ सङ्क्रमित भएका छन् ।

डेङ्गुबाट सबैभन्दा बढी सुनसरी जिल्ला प्रभावित बनेको छ । सुनसरीमा गत साउनदेखि हालसम्ममा १२ को मृत्यु भएको प्रदेश स्वास्थ्य निर्देशनालय धनकुटाका पब्लिक हेल्थ अधिकृत विवेचना चम्लागाईले जानकारी दिनुभयो । उहाँका अनुसार यहाँ १५ हजार नौ सय ५२ जना सङ्क्रमित भएका छन् ।

प्रदेशका १४ जिल्लामै डेङ्गु सङ्क्रमण फैलिएको चम्लागाईंले बताउनुभयो । उहाँका अनुसार मोरङमा तीन हजार तीन सय ६३ सङ्क्रमित हुँदा एकको मृत्यु भएको छ भने झापामा एक हजार चार सय २० सङ्क्रमित भएकामा एकको मृत्यु भएको छ । तराई, मधेस, पहाड र हिमाली सबै जिल्लामा डेङ्गु फैलिएको चम्लागाईंले बताउनुभयो । “विशेष गरी गर्मी र बर्खायाममा डेङ्गु फैलिने गरेको छ”, उहाँले भन्नुभयो, “डेङ्गुका अधिकांश बिरामी एक महिनाभित्र फेला परेका हुन् ।” सुनसरीको विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका साथै अन्य जिल्लाका निजी तथा सरकारी अस्पतालहरूमा डेङ्गुका बिरामीको उपचार भइरहेको उहाँले जानकारी दिनुभयो ।

चम्लागाईंका अनुसार साउनदेखि हालसम्ममा तेह्रथुममा एक सय १५, पाँचथरमा ४७, इलाम एक सय ६८, उदयपुर चार सय ४९, धनकुटामा दुई सय ६४, भोजपुरमा एक सय ५४, सङ्खुवासभामा दुई सय ६०, ओखलढुङ्गामा पाँच, ताप्लेजुङमा ३३, खोटाङ र सोलुखम्बुमा पाँच/पाँच जना डेङ्गुका बिरामी फेला परेका छन् । डेङ्गु सङ्क्रमण फैलिएसँगै प्रदेशका सबै पालिकाले डेङ्गुको लार्भा खोजेर नष्ट गर्ने, औषधि छिट्ने तथा जनचेतनामूलक कार्यक्रम गर्दै आएका छन् । “सामान्य भन्दा निकै तीव्र ज्वरो आउनु, खानाको स्वाद थाहा नहुनु, टाउको दुख्नु, आँखा र नाकबाट रगत बग्नुलगायत लक्षण देखिएका डेङ्गु भएको हुन सक्छ”, उहाँले भन्नुभयो ।

# शुल्क वृद्धि खारेज गर्नुपर्ने माग

काठमाडौँ, ८ भदौ (रासस) ।

समाजवादी मोर्चाअन्तर्गत संयुक्त विद्यार्थी सङ्गठनले इन्जिनियरिङको स्नातक तहमा भएको शुल्क वृद्धि खारेज गर्नुपर्ने माग गरेका छन् । मोर्चाले बिहीबार यहाँ पत्रकार सम्मेलन गरी इन्जिनियरिङ अध्ययन संस्थान (आइएओइ)लाई शुक्रबार बेलुकासम्म शुल्क वृद्धि खारेज गर्न माग गरेका हुन् ।

विभिन्न चार विद्यार्थी सङ्गठनले इन्जिनियरिङको स्नातक तहअन्तर्गत नियमिततर्फको शुल्क रू ३५ हजारबाट बढाएर रू ८२ हजार र पूर्णतर्फ रू तीन लाख ३० हजारबाट बढाएर रू सात लाख ७५ हजार पुर्‍याइएकोप्रति आपत्ति जनाएका हुन् । पत्रकार सम्मेलनमा नेकपा (माओवादी केन्द्र) निकट विद्यार्थी सङ्गठन (अनेरास्ववियु क्रान्तिकारी)का अध्यक्ष पन्चा सिंहले शुल्क वृद्धि खारेज गर्नुपर्ने भन्दै वार्ताको मञ्चन गरेर भ्रममा नपार्न आग्रह गर्नुभयो । उहाँले विभिन्न कलेजहरूमा भइरहेको आन्दोलनमा आफूहरूको ऐक्यबद्धता रहेको जनाउनुभयो ।

नेकपा (एकीकृत समाजवादी) निकट अनेरास्ववियुका अध्यक्ष सुदेश पराजुलीले शुल्क वृद्धिले विद्यार्थी मर्कामा परेको भन्दै तत्काल शुल्क वृद्धि खारेज गर्नुपर्ने बताउनुभयो ।

पत्रकार सम्मेलनमा जनता समाजवादीनिकट विद्यार्थी युनियनका अध्यक्ष रमेश यादव, नेकपा विप्लवनिकट अखिल (क्रान्तिकारी)का महासचिव नरेन्द्र विश्वकर्मालगायतले शुल्क वृद्धि फिर्ता गरी शिक्षालाई आम नागरिकको पहुँचसम्म पुर्‍याउनुपर्नेमा जोड दिनुभएको थियो ।

## द्वन्द्वको शान्तिमा ...

नेपालका सन्दर्भमा कुरा गर्दा तत्कालीन विद्रोही पक्ष नेकपा (माओवादी)ले शान्ति प्रक्रिया अवलम्बन गरेदेखि नै मूलधार शान्तिमा आएपनि केही शाखा र प्रशाखाहरू असन्तुष्टि व्यक्त गर्दै पुनः द्वन्द्वको मार्गमा अग्रसर भइरहेका छन् भने माथि उल्लेख गरिएका द्वन्द्वका मुख्य कारणहरूको खोजी गरी त्यसलाई समाधान गर्न ढिलाइ भइसकेको छ। हुन त वेपत्ता नागरिक खोजबिन आयोग र सत्यनिरुपण तथा मेलमिलाप आयोगहरू निर्माण भएका छन् तर तिनको क्षेत्राधिकार र कार्यशैलीबारेमा केही सन्देहहरू छन् । ती आयोगले रिपोर्ट मात्रै बुझाउने हो भने पुरानै विभिन्न आयोगभन्दा तात्विक फरक हुनसक्ने छैन ।

द्वन्द्व पीडितहरूलाई स्वरोजगारमूलक तालिमहरू उपलब्ध गराउने र विभिन्न आयमूलक उद्यमहरू सञ्चालन गर्न औजार र बिना धितो ऋण प्रदान गर्ने, सहयोग दिने गरेमा पनि पीडितहरूले आफ्नो पीडा भुल्ने र समाजसँग सहजतापूर्वक भिज्ने मौका पाउँछन् । पीडितहरूलाई उमेर, स्तर, रुची र क्षमता अनुरुपका कामहरूमा अभ्यस्त गराएर उत्पादनमा जोड्न सकियो भने अन्य रोजगारी सिर्जना हुने र पीडितहरूको पनि क्षमता अभिवृद्धि हुन गई समाजमा ठूलो टेवा पुग्छ ।

बालबालिकाहरू र महिला तथा वृद्धवृद्धाहरूलाई विशेष हेरचाह र संरक्षण केन्द्रहरू निर्माण गर्नु जरुरी हुन्छ । राज्यका हरेक निकायहरूमा निश्चित समयावधिसम्म द्वन्द्वका पीडित र प्रभावितहरूलाई आरक्षणको व्यवस्था गरी सुविधा र अवसर प्रदान गरिनु पर्दछ । त्यसैगरी पीडितहरूलाई पहिचान र वर्गीकरण गरी यातायात, शिक्षा, स्वास्थ्य, मनोरञ्जनका क्षेत्र र सेवाहरूमा विशेष छुटको व्यवस्था गरिनुपर्दछ । त्यसको लागि पीडितहरूलाई पहिचान प्रष्ट खुल्ने गरी राज्यले परिचयपत्रको व्यवस्था गरिदिनुपर्दछ । सम्मानपत्र र परिचयपत्र पीडितहरूको अधिकार र गौरव हो भन्ने कुरालाई दह्रो गरी स्थापित गर्न सक्नु पनि द्वन्द्व व्यवस्थापनको एक मुख्य पक्ष हो ।

त्यसैले द्वन्द्व व्यवस्थापनमा राज्यमात्रै नभई नागरिक समाज र समाजका हरेक व्यक्तिको उत्तिकै भूमिका हुन आउँछ। पीडितहरूलाई समाजमा तिरस्कार होइन, सम्मान र हौसला प्रदान गर्न सक्नुपर्दछ। समाज सबैको हो, समाज सबैका लागि हो भन्ने मान्यताको विकास गरेर मात्रै सबै प्रकारका द्वन्द्वलाई पूर्णरूपमा शान्तिमा रुपान्तरण गर्न सकिन्छ। *(लेखक प्रेस सेन्टर नेपालका महासचिव हुनुहुन्छ)*

## सुष्मा कोइराला ...

छ भने मासिक जलनका ४० देखि ५० बिरामीको उपचार गर्दै आएको छ । ट्रष्टका संस्थापक एवम् संरक्षक सुजाता कोइराला नेपालमा जलनबाट कसैको ज्यान नजाओस् भन्ने उद्देश्यले अस्पताल सञ्चालन गरिएको बताउनुहुन्छ । सो अस्पताल नेपालमा जलनको उपचार गर्ने ट्रष्टबाट सञ्चालित पहिलो अस्पतालसमेत हो ।

सो अस्पतालबाहेक त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्ज, नेसनल ट्रमा सेन्टर, कान्ति बाल अस्पताल, कीर्तिपुर अस्पताल, काठमाडौँ मेडिकल कलेज शिक्षण अस्पताल सिनामङ्गल, युनाइटेड मिसन अस्पताल पाल्पा, जनकपुर अस्पताल धनुषा र भेरी अस्पताल नेपालगञ्जमा जलनका बिरामीको उपचार हुँदै आएको छ ।

# आरती मृत्यु प्रकरणको छानबिन सुरु

धनुषा, ८ भदौ (रासस) ।

धनुषाकी आरती साहको मृत्यु प्रकरणको अनुसन्धान गर्न नेपाल प्रहरीले गठन गरेको उच्चस्तरीय छानबिन समितिले छानबिन सुरु गरेको छ ।

नेपाल प्रहरीका प्रहरी नायब महानिरीक्षक विकास खनालको नेतृत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरी आरती मृत्यु प्रकरणका सम्बन्धमा सुक्ष्म अनुसन्धान थालिएको हो । समितिले घटनास्थल, मृतकका माइती तथा ससुराली पक्षका आफन्त, छिमेकी, आरेक नेपालका प्रतिनिधिलगायतसँग जानकारी लिएको छानबिनमा संलग्न रहनुभएका समितिका सदस्य वरिष्ठ प्रहरी उपरीक्षक शेखर खनालले जानकारी दिनुभयो ।

आरतीका आमाबुबासहित आफन्तले घटनाको निष्पक्ष छानबिनको माग गर्दैं काठमाडौँस्थित माइतीघर मण्डलामा लामो समयदेखि धर्ना दिँदै आएका थिए । माइती पक्षले आरतीको हत्या गरिएको भन्दै छानबिनका माग गर्दै आएका छन् ।

मृतकका ससुराली पक्षले आरती साहले आफैँ आत्महत्या गरेको दाबी गरेका थिए । प्रहरीले दुई जनालाई नियन्त्रण लिएर अनुसन्धान गरिरहेको जनाएको छ ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



**बाढी/पहिरोबाट सतर्क रहौं ।**

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*